# पाथीभरा याङ्वरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थेचम्बु, ताप्लेजुङ
कोशी, प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन सम्बन्धी ठेक्का आह्वानको सूचना

**(दोस्रो पटक प्रकाशित मितिः-२०८२/०७/२१)**

यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को (६) तथा पाथिभरा याङवरक गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ७ र सो सँग सम्बन्धित अनुसूची ६बमोजिम पाथिभरा याङवरक गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र दरभाउपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि यस गाउँपालिका क्षेत्र भित्रको तमोर खोला र काबेली खोलाको तोकीएका क्षेत्रहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् तथा संकलन सम्बन्धी तपसिलको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले न्यूनतम ठेक्का अंकमा नघट्ने गरी सिलबन्दि दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि पाथीभरा याङवरक गाउँपालिका कार्यालय, थेचम्बु सूचना पाटी, वेबसाईटः- yangwarakmuntaplejung@gov.np मा हेर्न सकिनेछ र कार्यालय समय मा ९८६२९१८६९४ सम्पर्क गर्न सकिनेछ ।

तपसिल

| क.स | आय ठेक्का नं. | ठेक्काको विवरण | कुल नदीजन्य पदार्थ उत्खनन तथा संकलन (घ.मिटर) | न्यूतम ठेक्का रकम (मू.अ कर बाहेक) रू | कबोल अंकको ५ प्रतिशत विडवण्ड धरौटीको अवधि | दरभाउपत्र फाराम दस्तुर रु | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 1 | SQ/Revenue/PYRM/02/K2/082/83 | काबेलि खोला उत्खनन क्षेत्र २ (सिरुपा) | २५२०।० | ७११२४४।८ | ७५ दिन | १०००।० | २०८२/०८/०७ (दिनको २:०० बजे) |
| 2 | SQ/Revenue/PYRM/04/T4T5/082/83 | तमोर नदि उत्खनन क्षेत्र ४ र ५ (आम्बोटे) | २९८१।० | ७४८८८८।५६ | ७५ दिन | १०००।० | २०८२/०८/०७ (दिनको २:०० बजे) |

शर्तहरु

१. दरभाउपत्र खरिद गर्न पाथींभरा याङवरक गाउँपालिका कार्यालयको नाममा पाथींभरा याङवरक गाउँपालिका थेचम्बु, स्थित लक्ष्मी सनराइज बैंक लि., थेचम्बु शाखामा रहेको आन्तरिक राजश्व खाता नम्बर ०९२०३००००५१ मा माथि उल्लेखित दरभाउपत्र दस्तुर रकम जम्मा गर्नु पर्नेछ ।

२. सिलबन्दि दरभाउपत्र फाराम पेश गर्दा नविकरण सहीतको कम्पनी दर्ता प्रमाण पत्र, मु.अ. कर (VAT) दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, दरभाउपत्र फाराम दस्तुरको भौचर र कबोल अंक सहीतको बि.ओ.क्यू. संलग्न राखी पेश गर्नु पर्नेछ ।

३. दरभाउपत्र दाखिला गर्न दरभाउपत्रदाताहरुले कबोल रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा पाथींभरा याङवरक गाउँपालिका थेचम्बु, स्थित लक्ष्मी सनराइज बैंक लि., थेचम्बु शाखामा रहेको धरौटी खाता नं. ०९२०३०००१६७ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ। वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र/दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि माथि उल्लेख दिन मान्य अवधि भएको बैंक जमानत (विडवण्ड) धरौटी स्वरुप पेश गर्नु पर्नेछ ।

४. तोकिएको समय भित्र पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा पाथिभरा याङवरक गाउँपालिकाको कार्यालयमा दोस्रो पटक सूचना प्रकाशित मितिले माथि उल्लेख भएको दिनको दिउँसो

२:०० बजे खोलिनेछ । साथै दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ।

६. यस गाउँपालिको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहनेछ ।

७. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार तोकिएको परिमाण र क्षेत्र भित्र मात्र सिमित रही नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नु पर्नेछ ।

८. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

संगम पौडेल

प्रमुख प्रशासकीय अधिकृत